मिती : २०७८/११/२०

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू

कुशे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,

थपुं, भार्मा, जाजरकोट

**विषयः ध्यानाकर्षण सम्बन्धमा ।**

निर्वाचन आयोगको सक्रियता र विभिन्न राजनैतिक दल, नागरिक समाज लगायतका क्षेत्रको विशेष पहलमा नेपाल सरकारले स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते घोषणा गरेको छ । निर्वाचन आयोगले पनि सोही अनुसार आफ्नो तयारी गरिरहेको छ र तोकिएकै मितिमा निर्वाचन हुनेमा पनि हामी नागरिक संस्था विश्वस्त छौ ।

हामी जाजरकोट जिल्लमा बालबालिकाहरुको क्षेत्रमा क्रियाशिल नागरिक संस्था एवं सञ्जालहरुको तर्फबाट बाट बालबालिका र विद्यालयलाई राजनैतिक दलहरुको दलगत स्वार्थमा प्रयोग गर्ने अवस्थाको अन्त्य गर्न जिल्ला निर्वाचन कार्यलयसँग सहकार्य गर्न चहान्छौं । जिल्ला निर्वाचन कार्यालयले पनि यस सन्दर्भमा आवश्यक पहल कदमी लिन सक्छ ।

नेपाल सरकारका तर्फबाट बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६६ को उपदफा २ को राजनैतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्न नहुने भनी यसलाई बालबालिकाका विरुद्ध कसुरको रुपमा व्यवस्था गरेको र यदि कोही कसैले गरिहालेमा दफा ७२ मा ७५ हजार रुपैया सम्म जरिवाना र ३ बर्ष कैदको व्यवस्था गरिएको छ । साथै, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वय निर्देशिका २०६८ ले पनि बालबालिकालाई राजनीतिक क्रियाकलापमा संलग्न नगर्ने भनेको छ । यसका साथै नेपाल सरकारले अन्य विभिन्न ऐन, कार्यविधि र निर्देशिकाहरु पनि जारी गरेको छ भने राजनैतिक दलहरुले समेत प्रतिवद्धता समेत जनाई सकेको अवस्था छ । तर, बालबालिकाको दुरुपयोग हुनेक्रम रोकिएको छैन । यसै परिदृश्यलाई मध्यनजर गर्दै जाजरकोट जिल्लामा क्रियाशिल हामी नागरिक समाज सञ्जाललमा क्रियाशिल संस्थाहरुले आगामी स्थानीय निर्वाचनको क्रममा बालबालिका र विद्यालयको दुरुपायोग रोक्न माग गर्दै कुशे गाउँपालिकाको कार्यालय जाजरकोटलाई निम्न विषयहरुमा ध्यानकाषर्ण गराउन चहान्छौ ।

***१) आचारसंहिता संशोधन***

- निर्वाचन आयोगले जारी गरेको विद्यमान आचारसंहितामा समाबेश गरिएको चुनाव प्रचार प्रसार, आमसभा, जुलुस तथा र्‍यालीमा बालबालिका प्रयोग गर्नु हुन्न भन्ने सकारात्मक पक्षलाई आत्मासाथ गर्दै सोही बुँदामा विद्यालय पनि प्रयोग गर्न नपाईने थप व्यस्था गरिनु पर्ने ।
- प्रचार समाग्रीमा १८ बर्षमुनिका बालबालिकाको प्रयोग गर्न वा बालिबालिका मार्फत प्रचार प्रसार सामाग्री बनाउन नपाईने व्यवस्था गरिनु पर्ने ।

- सञ्चार माध्यमहरुले गर्ने राजनैतिक तथा पार्टीगत विश्लेषणमा बालबालिकालाई दलगतरुपमा विभाजन गर्न नपाईने ।

*२) उम्मेदवारको योग्यता:*

- निर्वाचनका लागि दलीय वा स्वतन्त्ररुपमा हुने उम्मेदवारहरु विगतमा बालबालिका र बाल अधिकार विरुद्धका गतिविधीमा संलग्न नभएको हुनु पर्ने ।
- बालबालिकालाई प्रत्यक्ष असर पुग्ने खालका विचार, भनाई प्रयोग नगरेको र आगामी दिनमा पनि नगर्ने प्रतिबद्धता जनाउनु पर्ने।

*३) मतदान केन्द्र:*

- जाजरकोट जिल्लमा प्राय: सबैजसो बिद्यालयमा मतदान केन्द्रहरु रहेका छन । कोरोना कहरले बिद्यालय बन्द भई बालबालिकाको पठनपाठनमा प्रतिकुल असर परेको बर्तमान अवस्थालाई मध्यनजर गर्दै सकेसम्म बिद्यालयका शैक्षिक गतिविधीमा कम असर पुर्याउने उद्धेश्यले सम्भव भए सम्म मतदान केन्द्रलाई वडा तथा पालिका केन्द्र, सामुदायिक भवनमा मतदान केन्द्र तोक्नु पर्ने र कुनै बिकल्प नभएमा मात्र बिद्यालयको प्रयोग गरिनु पर्ने ।
- मतदान केन्द्रको रुपमा प्रयोग भएका बिद्यालयहरुको भौतिक सम्पतिको सुरक्षामा विशेष ध्यान दिदै क्षति भएमा क्षतिपुर्तीको व्यवस्था गरिनुपर्ने।
- कुनै विकल्प नहुदा मतदान केन्द्र तोकिएका बिद्यालयलाई सकेसम्म कम दिन मात्र प्रयोग हुने सिनिश्चिता सहित सम्भावित मिती सर्वजानिक गरिनु पर्ने साथै बिद्यालयलाई मातगणना बनाउन नहुने ।

*४) मतदाता शिक्षा:*

- निर्वाचन आयोगले संचालन गर्ने मतदाता शिक्षामा बालक्लबका पुर्व सदस्यहरु, युवा क्लबका सदस्य, सामुदायिक सहजकर्तालाई परिचालन गरिनुपर्ने ।
- मतदाता शिक्षा कार्यक्रममा बालबालिकाको क्षेत्रमा क्रियाशिल नागरिक संस्थाहरु सँगको साझेदारी गरिनुपर्ने ।

*५) अनुगमन र पर्यबेक्षण*

- निर्वाचन कार्यालय र पर्यबेक्षण गर्ने सँस्थाहरुले निर्वाचनको दौरानमा गरिने अनुगमन, पर्यबेक्षणलाई बालबालिका केन्द्रित पनि बनाउनु पर्ने।

*तपशिल:*

| क.स | नाम थर | सँस्था, कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | हरि बहादुर सिंह | नागरिक समाज सञ्जाल कुशे | सँयोजक | [signature] |

| | | | | |
|---|---|---|---|---|
| २ | भीम बहादुर के सी | पहाडी क्षेत्र विकास अभियान | कार्यक्रम व्यवस्थापक | |
| ३ | श्री शान्ति राम भण्डारी | सेभ द चिल्ड्रेन | परियोजना संयोजक | |
| ४ | चन्द्रिका जैसी | नागरिक समाज सञ्जाल कुरी | सदस्य | |
| ५ | बीरेन्द्र कुमार थारु | पहाडी क्षेत्र विकास अभियान | परियोजना संयोजक | |
| ६ | बिनोद पोखेल | पहाडी क्षेत्र विकास अभियान | परियोजना संयोजक | |
| ७ | भरत बहादुर चलाउने | नागरिक समाज सञ्जाल कुरी | सदस्य | |
| ८ | चित्र बहादुर बादी | नागरिक समाज सञ्जाल कुरी | सदस्य | |
| ९ | प्रभा डाँगी | पहाडी क्षेत्र विकास अभियान | परियोजना संयोजक | |
| १० | पदम कली बिष्ट | नागरिक समाज सञ्जाल कुरी | सदस्य | |
| ११ | नरेन्द्र तिमल्सिना | पहाडी क्षेत्र विकास अभियान | दस्तावेजीकरण अधिकृत | |
| १२ | सुन्दर हरिजन | पहाडी क्षेत्र विकास अभियान | परियोजना संयोजक | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |